# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, असोज १५ गते, २०७६ साल (अतिरिक्ताङ्क २१

## भाग ३

प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. ३, हेटौंडाको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सरकारले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले यो सूचना प्रकाशन गरिएको छ।

## सङ्गठन संरचना तथा दरबन्दी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना**ः प्रदेश सरकार अन्तर्गतका निकायहरूमा आवश्यक सङ्गठन संरचना निर्माण गरी जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित बनाई प्रदेश सरकारका तर्फबाट प्रदान गरिने सेवालाई भरपर्दो, विश्वसनीय, पारदर्शी र नागरिक मैत्री बनाउन कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सङ्गठन संरचना तथा दरबन्दी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश नं. ३ अन्तर्गतका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

(ग) "सचिवालय" भन्नाले प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग सम्झनु

पर्छ र सो शब्दले प्रदेशमा मुख्यालय रहने निकायलाई समेत जनाउँछ।

## परिच्छेद-२

## सङ्गठन संरचनासम्बन्धी व्यवस्था

३. **सङ्गठन संरचनाको हेरफेर तथा नयाँ सङ्गठन सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालय, सचिवालय र अन्तर्गतका नयाँ कार्यालय स्थापना सम्बन्धी कार्य गर्नु पूर्व त्यस्ता निकायले सङ्गठन स्थापना वा सङ्गठन संरचनामा परिवर्तन गर्नु पर्नाको औचित्य पुष्टि गर्नु पर्नेछ।

(२) यसरी सङ्गठन संरचना प्रस्ताव गर्दा उपदफा (१)मा उल्लेख भएका कुराका अतिरिक्त देहायका कुराको पुष्ट्याई समेत गर्नु पर्नेछः-

(क) नेपालको संविधान, कार्य विस्तृतीकरण प्रतिवेदन र प्रदेश सरकारको कार्य विभाजन नियमावली अनुरूप प्रदेशको अधिकार र जिम्मेवारी भित्र रहेका कार्य,

(ख) मितव्ययिताको सिद्धान्तको परिपालना,

(ग) सम्भव भएसम्म जिल्ला तहमा एकीकृत र एकद्वार प्रणालीबाट प्रशासनिक संरचना निर्माण,

(घ) भौगोलिक सहजता, प्रशासनिक सुगमता र सहज सेवाको सुनिश्चितता,

(ङ) कार्य क्षेत्र, कार्य जिम्मेवारी र कार्य बोझको यकिन विवरण,

(च) संघीय सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण हुने प्रकृतिका र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्ने खालका जिम्मेवारी समेतको पहिचान।

४. **संरचना निर्धारण**: (१) प्रदेश सरकार अन्तर्गत रहने मन्त्रालयस्तरीय निकायहरूको सङ्ख्या प्रदेश सरकारको कार्य विभाजन नियमावलीमा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमका निकाय अन्तर्गतका सङ्गठन संरचना निर्माण गर्दा प्रदेशको अधिकार, जिम्मेवारी र कार्य क्षेत्रलाई आधार लिइनेछ।

(३) सचिवालय र केन्द्रीय निकायको सङ्गठन संरचना सम्बन्धी प्रस्ताव सम्पर्क मन्त्रालय मार्फत गर्नु पर्नेछ।

५. **सङ्गठन संरचना तयार गर्दा अपनाउनु पर्ने विधिः** (१) यस कार्यविधि अनुसार सङ्गठन संरचनाको निर्णय गर्दा देहायका विषयमा अध्ययन तथा विश्लेषण गर्नु पर्नेछः-

(क) नेपालको संविधान र कार्य विस्तृतीकरण प्रतिवेदन अनुरूप प्रदेशको अधिकार र जिम्मेवारी,

(ख) नेपाल सरकारबाट प्रदेशका लागि स्वीकृत (हालको मन्त्रालय तथा विभिन्न निकायहरूको) सङ्गठन संरचना,

(ग) नेपाल सरकारबाट विभिन्न मितिमा भएका निर्णय र आदेश,

(घ) प्रस्तावित सङ्गठनात्मक संरचना सहितको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण तयार पार्न प्रदेश सरकार, मन्त्रिपरिषद्बाट भएको सैद्धान्तिक सहमतिको निर्णय,

(ङ) प्रदेशको आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रम,

(२) मन्त्रालयले दफा (३) बमोजिमको अध्ययन समेतको आधारमा देहायका विषय खुल्ने गरी संरचनागत विवरण तयार गर्नु पर्नेछः-

(क) प्रस्तावित सङ्गठन संरचना तथा कार्यालयको नाम,

(ख) कार्यालय रहने स्थान,

(ग) प्रस्तावित सङ्गठनको औचित्य, उद्देश्य र कार्य विवरण,

(घ) प्रस्तावित सङ्गठन संरचनाको कारण कर्मचारी दरबन्दीमा हुने परिवर्तन,

(ङ) पद, तह, सेवा, समूह, उप-समूह आदि खुल्ने गरी कर्मचारी दरबन्दी विवरण तथा तिनको कार्य विवरण,

(च) प्रस्तावित सङ्गठन संरचना अनुसार थपघट हुन जाने वार्षिक प्रशासनिक खर्च,

(छ) अन्य सान्दर्भिक विषयहरू।

(३) उपदफा (२) बमोजिमको विवरण दफा १० अनुसारको समितिबाट अनुमोदन गरी दफा ११ अनुसारको समितिमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको विवरण दफा ११ बमोजिमको समितिले आवश्यक छलफल गरी निर्णय सहित प्रदेश सरकार,मन्त्रिपरिषद्मा पेश गर्न सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको समितिको सिफारिस प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले प्रस्ताव पेश गर्न आवश्यक विवरण सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त प्रस्ताव आवश्यकता र औचित्य समेतको आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नेछ।

## परिच्छेद-३

## दरबन्दी तथा जनशक्ति सम्बन्धी व्यवस्था

६. **दरबन्दी सृजनाः** (१) स्वीकृत संरचनामा सम्बन्धित मन्त्रालयले परिच्छेद ४ र ५ बमोजिमको आधार र विधि अनुसार निकायगत दरबन्दी विवरण तयार गरी दफा १० बमोजिमको समितिबाट निर्णय गराउनु पर्नेछ।

(२) सम्बन्धित मन्त्रालयले उपदफा (१) बमोजिम तयार भएको दरबन्दी विवरण दफा ११ बमोजिमको समिति समक्ष निर्णयका लागि पेश गर्नु पर्नेछ।

(३) दरबन्दी सृजना गर्दा वृत्ति विकासलाई ध्यान दिनु पर्नेछ।

(४) सवारी चालक र कार्यालय सहयोगी पदमा सेवा करारबाट लिनेगरी दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।

(५) खानेपानी, विद्युत, टेलिफोन तथा कम्प्युटर मर्मत सम्भार र सरसफाइ कार्यका लागि वार्षिक रूपमा कार्य सम्पादन सम्झौता गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम दरबन्दी सृजना सम्बन्धी प्रस्ताव पेश गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

७. **विशेष दरबन्दी सिर्जनाः** (१) चिकित्सक, नर्सिङ्ग, ल्याव लगायतका स्वास्थ्य क्षेत्रका अत्यावश्यक सेवाका कर्मचारी कुनै कारणवश छ महिना वा सो भन्दा बढी कार्यालयमा अनुपस्थित हुने अवस्था भएमा त्यस्ता निकायमा विशेष पद सृजना गर्न सकिनेछ।

(२) विशेष पदमा कार्यरत कर्मचारीलाई अन्यत्र खटाउन पाइने छैन।

(३) उपदफा (१) बमोजिम विशेष दरबन्दी सृजना गर्नु पर्दा दफा १० बमोजिमको समितिको सिफारिसमा सम्बन्धित मन्त्रालयले प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) सम्बन्धित मन्त्रालयले स्वीकृत विशेष पदमा पदपूर्ति गर्दा प्रतिस्पर्धात्मक विधि अपनाई सेवा करारमा लिनु पर्नेछ।

(५) विशेष दरबन्दी सृजना सम्बन्धी प्रस्ताव पेश गर्नु पूर्व मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सृजना भएको विशेष पदमा पदपूर्ति भए त्यस्तो विशेष पद स्वतः खारेज हुनेछ।

८. **पद दर्ता सम्बन्धी व्यवस्थाः** (१) दफा ६ बमोजिम सृजना भएको सङ्गठन संरचना र सो बमोजिम कायम भएको दरबन्दी एवम् जनशक्ति विवरण प्रदेश निजामती अखिलेख केन्द्रमा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको केन्द्र स्थापना नभएसम्म त्यस्तो कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गर्नु पर्नेछ।

(३) प्रदेश लेखा नियन्त्रक कार्यालयले तलबी प्रतिवेदन पारित गर्दा उपदफा (१) बमोजिमको दरबन्दी एवम् जनशक्ति विवरणको आधारमा गर्नु पर्नेछ।

९. **कार्य विवरणः** दफा ८ बमोजिम पद दर्ता भएपछि सम्बन्धित मन्त्रालयले आफ्नो मन्त्रालय र अन्तर्गत निकायहरूका निजामती पदको तहगत कार्य विवरण लागू गर्नु पर्नेछ र सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ।

## परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

१०. **मन्त्रालयगत समितिः** (१) मन्त्रालय र अन्तर्गतका निकायहरूको विद्यमान संरचना, जनशक्ति र कार्य बोझको आधारमा आवश्यकता अनुसार नयाँ वा परिमार्जित संरचना सम्बन्धी विवरण तयार गर्न मन्त्रालयस्तरमा देहायको सङ्गठन संरचना एवम् दरबन्दी व्यवस्था समिति रहनेछः-

(क) सचिव, सम्बन्धित मन्त्रालय -संयोजक

(ख) कम्तीमा अधिकृत नवौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) कम्तीमा अधिकृत नवौं, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रकको कार्यालय -सदस्य

(ङ) प्रशासन महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले यो कार्यविधि जारी भएको तीन महिनाभित्र मन्त्रालय र अन्तर्गत निकायको सङ्गठन संरचना र दरबन्दी व्यवस्था सम्बन्धी निर्णय गरी दफा ११ बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) समितिको बैठकमा सम्बन्धित कार्यालयको प्रमुखलाई आमन्त्रण गर्नु पर्नेछ।

११. **<u>प्रदेशस्तरीय सङ्गठन संरचना एवम् दरवन्दी व्यवस्थापन समितिः</u>**

(१) दफा १० बमोजिमको समितिबाट प्राप्त हुन आएको सङ्गठन संरचना र दरबन्दी सृजना सम्बन्धी सिफारिस अध्ययन र विश्लेषण गरी सिफारिस सहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,(प्रशासन हेर्ने) -संयोजक

(ख) सचिव (कानुन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, सम्बन्धित मन्त्रालय -सदस्य

(च) प्रमुख, प्रदेश लेखा नियन्त्रकको कार्यालय -सदस्य

(छ) प्रशासन शाखा प्रमुख,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) सामान्यतया समितिले दफा १० बमोजिमको समितिबाट सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस पेश गर्नु पर्नेछ।

## परिच्छेद-५

## अस्थायी संरचना तथा दरबन्दी सम्बन्धी व्यवस्था

१२. **अस्थायी संरचनाः** (१) कुनै निश्चित समयको लागि विशेष प्रकृतिको कार्य गर्न वा अस्थायी प्रकृतिको संरचना र दरबन्दी सृजना गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई अस्थायी दरवन्दी वा अस्थायी संरचना खडा गर्नको लागि प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव प्रदेश सरकार समक्ष पेश गर्नु अघि सम्बन्धित मन्त्रालयले दफा १० बमोजिमको समितिको सिफारिस समेत संलग्न गर्नु पर्नेछ।

(३) यसरी अस्थायी दरबन्दी सृजना गर्ने सिफारिस गर्दा मौजुदा दरबन्दीबाट त्यस्तो कार्य सञ्चालन गर्न नसकिएको आधार र युक्तियुक्त कारण समेत त्यस्तो प्रस्तावसाथ पेश गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको अस्थायी दरबन्दी हरेक प्रारम्भ भएको मितिले तीस दिन भित्र स्वीकृत गराई सक्नु पर्नेछ।

तर यस आर्थिक वर्षको लागि यो कार्यविधि प्रारम्भ भएको मितिले तीस दिन भित्र स्वीकृत गर्न बाधा पर्ने छैन।

## परिच्छेद-६

## विविध

१३. **पद व्यवस्थापन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि प्रदेशमा समायोजन भएका टाइपिष्ट कर्मचारीको दरबन्दी कार्यरत कार्यालयमा विशेष दरबन्दीको पदको रूपमा सृजना भएको मानिनेछ।यस्तो पद कुनै पनि कारणबाट रिक्त भएमा स्वतः खारेज हुनेछ।

(२) प्रदेश सरकारमा समायोजन भई कार्यरत रहेका कर्मचारी प्रदेश सरकारबाट स्वीकृत भएको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण अनुरूपको दरबन्दी भित्र समावेश गर्न नसकिएमा त्यस्ता कर्मचारीका लागि विशेष पद सृजना गरी कामकाजमा लगाउन सकिनेछ। यस्तो पद कुनै पनि कारणबाट रिक्त भएमा त्यस्तो पद स्वतः खारेज हुनेछ।

१४. **सेवा सम्बन्धी व्यवस्थाः** (१) प्रदेश निजामती सेवा ऐन लागू नभए सम्मका लागि यस कार्यविधिको पालना गर्ने प्रयोजनार्थ निजामती सेवा ऐन, २०४९ मा उल्लेख भएका सेवा, समूह, उप-समूह मात्र प्रदेश सेवामा रहने गरी जनशक्ति व्यवस्थापन सम्बन्धी निर्णय गर्नुपर्नेछ।

(२) प्रदेश सेवामा रहने पद नाम तहगत आधारमा निर्धारण गरिनेछ।

तर संघीय सरकारबाट प्रदेशमा पदस्थापन हुने पदमा संघीय सरकारको विषयगत मन्त्रालयको निर्णय बमोजिम सेवा सम्बन्धी प्रावधान रहनेछ।

**१५.** **बचाउ**: प्रदेशभित्र स्थापना गरिएका सङ्गठन संरचना र कर्मचारी व्यवस्थापन सम्बन्धमा हालसम्म सम्पादन भएका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**प्रदेश सरकारबाट स्वीकृत मितिः २०७६।०६।१५**

**आज्ञाले,**
**मधुसुदन वुर्लाकोटी**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु. १०।-